नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल नेपाल
## नं.२ छिन्नामस्ता बाहिनी मुख्यालय,

महोत्तरी, बर्दिवास

फोन नं. :- ९८५१२७२०२४
फ्याक्स नं. :- ०४४-५५०४०४
**Email : apfrudra.lekha@gmail.com**
प.सं.:- (०७७/०७८)/ २२५

आर्थिक प्रशासन शाखा
बर्दिबास न.पा.- ०४
बर्दिबास, महोत्तरी ।
मितिः- २०७८/०१/१५ गते ।

श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय ,
सुचना तथा प्रविधि शाखा (कम्प्युटर शाखा) हलचोक, काठमाण्डौ ।

बिषय :- बोलपत्रको सूचना सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा आ.ब. ०७७/०७८ मा यस बाहिनी मातहत बि.ओ.पि.हरुको लागि आवश्यक पर्ने CC Camera लगायत आवश्यक Equipment खरिद कार्य बोलपत्र द्वारा गर्नु पर्ने भएकोले बोलपत्र आह्वानको सूचना www.apf.gov.com.np वेभ साईटमा राखि दिन सादर नि. अनुरोध गरिएको छ ।

साथै बोलपत्र आव्हानको सूचना पाना थान - १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा समेत नि.अनुरोध गरिएको छ ।

बिकास थापा
सशस्त्र प्रहरी निरीक्षक
लेखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी

प्रबन्ध महाशाखा

बर्दिबास, महोत्तरी

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. APF/NCB/G/01/2077/078

सूचना प्रकाशित मिति २०७८।०१।१२ गते ।

आ.व. २०७७/०७८ मा सशस्त्र प्रहरी बल, नेपालको लागि आवश्यक भएका देहाय बमोजिमका मालसामानहरु सम्बन्धित महलमा उल्लेख भए बमोजिमको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बोलपत्र आह्वान सूचना नं | मालसामानको विवरण | परिमाण तथा इकाई | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्रको माध्यम |
|---|---|---|---|---|---|---|
| १. | APF/NCB/G/08/01/2075/076 | CC Camera & Related Items | बोलपत्र कागजातमा उल्लेखित भए बमोजिम | ३,०००/- | ४४,०००/- | |

बोलपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय जलेश्वर, महोत्तरीमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०७८/०१/१० गते कार्यालय समय भित्र मालसामानहरुको बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

बोलपत्रसाथ को.ले.नि.का, महोत्तरीको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय जलेश्वर, महोत्तरी स्थित धरौटी खाता नं.१२७०१००१०२०३०००० यस कार्यालयको कोड नं. ३१४०५१८०१ मा तोकिएको बोलपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको "क" वर्गको मान्यता प्राप्त कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात १२० दिन हुनु पर्नेछ ।

Pre Bid Meeting मिति २०७८/०२/०८ गते १३:०० बजे यस कार्यालयमा हुनेछ ।

मिति २०७८/०२/११ गते १२:०० बजे भित्र माथि बोलपत्रको माध्यमको महलमा उल्लेख भए बमोजिम सिलबन्दी दर्ता गरी सक्नु पर्नेछ । सिलबन्दी दर्ता भएका बोलपत्रहरु सोही दिनको १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा प्रबन्ध महाशाखामा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ ।

बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

बोलपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम हुनेछ ।

बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं.९८५१२७२०२४ मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np मा समेत हेर्न सकिने छ ।